म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

समृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्ष:१४ अङ्क:- ३०९ २०८० असोज १८ गते बिहीबार 5 October 2023, Thursday - पृष्ठ ४ मूल्य रु. ५/-

चाडपर्वको संरक्षण र सम्बर्द्धन गरौं ।
चाडपर्वमा फजुल खर्च नगरौं

हाम्रा साँस्कृतिक पर्वहरुको जगेर्ना गरौं ।
मद्यपान र जुवातासजस्ता विकृतिको अन्त्य गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

### पालिकाहरू किसानलाई अनुदान बाँड्दै

## दुध नबिकेर किसान तनावमा, २५ करोड उधारो

समाज संवाददाता

हेटौँडाः देशभरका पालिकाले जस्तै मकवानपुरका १० वटै पालिकाले किसानलाई दुधमा अनुदान बाँडिरहेको छ । पालिकाले सूचना प्रकाशित गरी किसानलाई अनुदान लिन आग्रह गरिरहँदा किसान भने उत्पादन भएको दुख नबिकेर, बेचिसकेको दुखको पैसा नउठेर तनावमा छन् । सरोकारवालाले, स्थानीय सरकारले दुधको बजारीकरण र उपभोग बढाउन ध्यान दिन सकेको छैन । जिल्ला दुग्ध उत्पादक सहकारी संघले दुध संकलन नै रोक्न थालेको छ ।

संघले पदमपोखरी क्षेत्रबाट मंगलबार साँझ र बुधबार बिहान दुई छाक दुध संकलन नै गरेन । दुइ छाकमा करिब ५ हजार लिटर दुध संकलन नगरिएको संघका व्यवस्थापक कुमारमणि दाहालले जानकारी दिनुभएको छ । उत्पादनको तुलना माग न्यून भएकोले बाध्य भएर किसानले उत्पादन गरेको दुध संकलन गर्न नसकिएको व्यवस्थापक दाहालको भनाइ छ । संघले जिल्लाबाट दैनिक करिब ५० हजार लिटर दुध संकलन गरिरहेको छ । संघले मकवानपुर जिल्लाका १३ उद्योग, काठमाडौंको एक, भक्तपुरका ४ वटा, ललितपुरका ३ वटा, काभ्रेका २ र पोखराको एउटा उद्योगलाई दुध पठाउने गरेको छ । जिल्लाबाहिर करिब २५ हजार लिटर दुध निर्यात गर्दै आएको संघले जिल्लाभित्रै २५ हजार लिटर दुध खपत गर्नुपर्ने अवस्था छ ।

दुधको उत्पादनको तुलना माग कम भएकै कारण पाउडर दुध बनाएर राख्नुका साथै नौनी बनाएर समेत राखिएको छ । तर, अहिले पाउडर दुध र नौनी बनाएर भण्डारण गरेर राख्ने स्थानको पनि अभाव भएको दाहाल बताउनुहुन्छ । "एकातर्फ दुध बिक्दैन, अर्कोतर्फ दुध बेचेर पनि पैसा आउने अवस्था छैन", व्यवस्थापक दाहालले भन्नुभयो, "डेरी उद्योगसँग संघले २७ करोड रुपैयाँ लिनुपर्ने छ भने किसानलाई २५ करोड रुपैयाँ तिर्नुपर्ने छ । बक्यौता उठाउनै कठिन भइरहेको छ ।"

संघमा आवद्ध भएका ५३ सहित कुल ६१ वटा सहकारी संस्थाबाट ४१ वटा चिस्यान केन्द्रमा संकलन भएको दुध संघले उद्योगसम्म पठाउने गरेको छ । संघले करिब ९ हजार किसानसँग दुध संकलन गरिरहेको छ । पछिल्लो समय दुधको उपभोक्ता मूल्यमा वृद्धि भएर पनि विक्री घट्नु, छिमेकी जिल्ला र भारतमा समेत दुधको मूल्य सस्तो हुनुले मकवानपुर जिल्लाका किसानले उत्पादन गरेका दुधको खपत कम हुँदै गएको दाहालको भनाइ छ ।



**विद्यार्थीको हातमा पुस्तकः** हेटौँडाको किताबघरले आयोजना गरेको पुस्तक मेलामा पुस्तक हेर्दै विद्यार्थीहरु । किताबघरले दशैं विदाअघि विद्यार्थीलाई पुस्तक प्रदर्शनीका साथै पुस्तक खरिद गर्न आकर्षित गर्ने गरी विद्यालयमै पुगेर पुस्तक मेलाको आयोजना गरि रहेको छ । विद्यार्थीमा पठन संस्कृतिको विकास हुने अपेक्षाका साथ विद्यालयले पनि पुस्तक मेलालाई प्राथमिकता दिँदै आएको छ । पछिल्लो समय मकवानपुरमा पठन संस्कृतिको विकास हुँदै गएको छ ।

## ट्याङ्कर पल्टिँदा चालकको मृत्यु

समाज संवाददाता

हेटौँडाः मकवानपुरको बकैया गाउँपालिका-५, तीनतलेमा दुध बोक्ने ट्याङ्कर पल्टिँदा चालकको मृत्यु भएको छ । मृत्यु हुनेमा ट्याङ्कर चालक हेटौंडा-९, एचआइडीका ३४ वर्षीय सिद्धान्त लामा रहेको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ ।

हेटौँडा-सिन्धुली सडकअन्तर्गत तीनतलेमा बुधबार बिहान ११ बजेर ३० मिनेको समयमा हेटौंडाबाट छतिवनतर्फ जाँदै गरेको ना १ घ ५४४ नम्बरको दुध बोक्ने खाली ट्यांकर आफैं अनियन्त्रित भई सडकबाट एक सय मिटर तल खसेर दुर्घटना भएको हो ।

दुर्घटनामा चालक लामा र सहचालक धादिङ गजुरीका ४५ वार्षीय प्रेम अधिकारी घाइते भएका थिए । घाइते भएका दुबैजनालाई उपचारका लागि हेटौँडा अस्पताल लगिएकोमा चालक लामाको उपचारको क्रममा दिउँसो साढे १२ बजेको समयमा मृत्यु भएको प्रहरीले जनाएको छ । सहचालक अधिकारीको दाहिने खुट्टाको घुँडा मुनी फ्याक्चर भएको प्रहरीले जानकारी दिएको छ ।

## हेटौंडा अस्पताललाई एम्बुलेन्स हस्तान्तरण



*हेटौँडा अस्पतालका मेसु डा. रामचन्द्र सापकोटालाई एम्बुलेन्सको कागजपत्र हस्तान्तरण गर्नुहुँदै सभामुख भुवन पाठक ।*

समाज संवाददाता

हेटौंडाः हेटौंडा अस्पताललाई बुधबार एउटा एम्बुलेन्स हस्तान्तरण गरिएको छ । बागमती प्रदेशसभाका सभामुख भुवन पाठकले हेटौंडा अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा. रामचन्द्र सापकोटालाई एउटा एम्बुलेन्स हस्तान्तरण गर्नुभएको हो ।

हेटौंडा अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट सापकोटाका अनुसार हस्तान्तरण भएको एम्बुलेन्स बागमती प्रदेशसभा सचिवालयमा रहेको थियो । बागमती प्रदेशसभा सचिवालयमा भएको एम्बुलेन्स बुधबार हेटौंडा अस्पतालमा आएपछि सञ्चालनमा आउने डा. सापकोटाले जानकारी दिनुभयो ।

हस्तान्तरण कार्यक्रम बागमती प्रदेशसभा सचिवालयमा भएको थियो । बागमती प्रदेशसभाबाट ल्याएको एम्बुलेन्सले हेटौंडा अस्पतालमा सञ्चालनका लागि हस्तान्तरण भएको हो ।

## भाषा विधेयक छलफलका लागि समितिमा

समाज संवाददाता

हेटौंडाः प्रदेशको सरकारी कामकाजको भाषा सम्बन्धमा बनेको विधेयक छलफलका लागि उद्योग, पर्यटन तथा वातावरण समितिमा पठाउने निर्णय भएको छ । बागमती प्रदेशसभाको बुधबार बसेको बैठकले सरकारी कामकाजको भाषा सम्बन्धमा बनेको विधेयक छलफलका लागि समितिमा पठाउने निर्णय गरेको हो ।

सभामुख भुवनकुमार पाठकले बैठकमा शून्य र विशेष समय नरहेको जानकारी गराउँदै उद्योग, पर्यटन तथा वातावरणमन्त्री पुकार महर्जनलाई प्रदेश सरकारी कामकाजको भाषा सम्बन्धमा बनेको विधेयक छलफलको पेश गर्न अनुमति दिनुभएको थियो । बैठकमा मन्त्री महर्जनले पेश गर्नुभएको विधेयक पारित भई छलफलको लागि उद्योग, पर्यटन तथा वातावरण समितिमा पठाउने निर्णय भएको हो ।

समितिले छलफलपश्चात् प्रदेश सरकारी कामकाजको भाषा सम्बन्धमा प्रतिवेदन प्रदेशसभामा पेश गर्नेछ । प्रदेशसभाको अर्को बैठक सूचना जारी नभएसम्मका लागि स्थगित भएको छ ।

### प्रदेश स्वास्थ्य ऐन संशोधन हुँदै

## विषयगत समिति र सरकोरवालाबीच छलफल

समाज संवाददाता

हेटौँडाः बागमती प्रदेशको स्वास्थ्य स्वास्थ्य सेवा एने २०७५ लाई संशोधन गर्न बनेको विधेयक-२०८० माथि बुधबार हेटौँडामा छलफल भएको छ । शान्तिका लागि साझा अभियान (कोक्याप) ले प्रदेश सभाको शिक्षा, स्वास्थ्य तथा कृषि समिति र सरोकारवालाबीच छलफलको आयोजना गरेको हो ।


छलफलमा प्रदेश सभाको शिक्षा, स्वास्थ्य तथा कृषि समितिकी सभापति मीना पराजुली पोखरेलसहित समितिका सदस्यहरुको सहभागिता रहेको थियो । समितिकी सभापति र सदस्यहरुले जनस्तरबाट आवश्यक सुझावको अपेक्षा गर्नुभएको थियो । छलफलमा सहभागीले विधेयकमाथि सुझाव राख्दै गुणस्तरीय र प्रभावकारी स्वास्थ्य सेवा सुनिश्चित गर्न ध्यान दिनुपर्ने सुझाव दिएका थिए । छलफलमा सहभागी प्रदेश सभा सदस्यहरुले ऐनलाई प्रभावकारी बनाउन विषयगत समितिले पनि सर्वसाधारण, सरोकारवाला र विज्ञ समूहसँग आवश्यक परामर्श गर्ने, सल्लाह, सुझाव लिने

### सूचना !!! सूचना !! सूचना !

हेटौँडा उपमहानगरपालिका एवम् हेटौँडास्थित विभिन्न कार्यालय र संघ, संस्थाहरुको कामकाजमा बहिरा व्यक्ति तथा सुस्त श्रवण व्यक्तिसँगको सञ्चारलाई सहजीकरण गर्न हेटौँडा उपमहानगरपालिका र मकवानपुर बहिरा संघको साझेदारीमा साङ्केतिक भाषा सहजीकरणका लागि दोभाषेको व्यवस्था गरिएको हुँदा आवश्यक परेमा सम्पर्क गर्नुहुन सम्बन्धित सबैमा जानकारी गराउँदछौ ।

**सम्पर्कका लागि**
महिला तथा बालबालिका विकास महाशाखा
सम्पर्क नं: ०५७-५९०१०३
अम्बिका घिमिरेः- ९८२१८५२६३३ (दोभाषे)

**हेटौडा उपमहानगरपालिका**
**नगरकार्यपालिकाको कार्यालय**
**हेटौडा, मकवानपुर**



## सम्पादकीय

# निर्णय पारदर्शी हुनुपर्छ

गाउँपालिका र नगरपालिकालाई स्थानीय सरकार भनिन्छ । स्थानीय सरकार भनेको नागरिकको सबैभन्दा नजिकको सरकार पनि हो । मुलुकमा संघीयतासहितको गणतन्त्रात्मक शासन व्यवस्था लागू भएपछि स्थानीय सरकारलाई नागरिकको घरदैलोको सिंहदरबारसमेत भन्ने गरिएको छ । संघीय शासन व्यवस्थाअनुकूलको अधिकारसम्पन्न स्थानीय सरकार हुनुले आम नागरिकलाई पनि अधिकारसम्पन्न बनाएको छ । गाउँपालिका/ नगरपालिकाले स्थानीय स्तरको कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकासमेतको अधिकार पाएको छ । गाउँ/नगरको कार्यपालिकालाई सरकार भन्ने गरिन्छ । गाउँ/नगर सभा व्यवस्थापिका अर्थात् संसद हो भने गाउँ/नगर न्यायिक समिति न्यायपालिका हो । संविधानले नै थुप्रै एकल र प्रदेश एवम् संघसमेतको संयुक्त अधिकार क्षेत्र किटान गरिएको अहिलेको स्थानीय तह साँच्चै अधिकारसम्पन्न छन् । तर, यस्ता स्थानीय तहलाई कुशलतापूर्वक हाँक्ने नेतृत्वको भने खडेरी परिरहेको छ । स्थानीय सरकारको कार्यशैली र प्रभावकारिता मुलुकको आर्थिक समृद्धि र विकाससँग गाँसिएको भए पनि स्थानीय तहको नेतृत्व यसतर्फ सचेत देखिएका छैनन् ।

हेटौंडा उपमहानगरपालिका बागमती प्रदेशकै एकमात्र उपमहानगरपालिका हो । बागमती प्रदेशको राजधानीसमेत रहेकाले हेटौंडा उपमहानगरपालिकाप्रति प्रदेशका अन्य स्थानीय तहमात्र नभई सिंगो देशकै स्थानीय तहको चासो हुने गर्दछ । संघीय राजधानी रहेको काठमाडौं महानगरप्रति देखिने गरेको राष्ट्रिय अन्तर्राष्ट्रिय चासोका आधारमा पनि प्रदेश राजधानी रहेको हेटौंडाप्रति पनि धेरैको चासो रहने तथ्यलाई नजर अन्दाज गर्न सकिँदैन । तर, हेटौंडा उपमहानगरपालिकाको नेतृत्व यस्ता कुरामा गम्भीर देखिएको पाइँदैन । हेटौंडा उपमहानगरपालिकाको कार्यपालिका बैठक हरेक महिनाको २ गते र १६ गते बस्ने कार्यतालिका भए पनि कार्यतालिकाअनुसार बैठक बस्न सकेको छैन । नियमित हुनुपर्ने बैठक नहुने र अघिपछि बस्ने बैठकको निर्णय पनि सधैं गोप्य रहने गरेको छ । कतिपय स्थानीय सरकारले कार्यपालिका बैठक सञ्चार माध्यमबाट प्रत्यक्ष प्रसारण गरिरहेको सन्दर्भमा हेटौंडा उपमहानगरपालिकाको कार्यपालिका बैठकको निर्णयसमेत सार्वजनिक नहुनुले धेरै शंका उब्जाउने गरेको छ । कार्यपालिका सदस्यहरुसमेत बैठकका निर्णयबाट बेखबर बन्नुले पारदर्शिताको अभाव प्रष्ट हुन्छ ।

चालु आर्थिक वर्षको साउन २४ गते र भदौ १८ गते दुईपटक कार्यपालिका बैठक बसेको भए पनि ती बैठकका निर्णयहरु सार्वजनिक हुन सकेको छैन । सञ्चार माध्यमले निर्णयको विवरण माग्दा पनि कार्यकारी अधिकृतले निर्णयको विवरण दिएनन् । उपमहानगरपालिकाको वेवसाइट र आधिकारिक फेसबुक पेजमा पनि कार्यपालिका बैठकका निर्णयबारे केही उल्लेख गरिँदैन । वेवसाइटमा राखिएको कार्यपालिका निर्णयहरुको कोलममा २०७५ साल मंसिर १५ गतेयताका निर्णय केही छैन । कार्यपालिका बैठकका निर्णयहरुसमेत सोही दिन लेखिँदैन । बैठकका निर्णय लेख्नै एकदिन लाग्न सक्ने र निर्णय लेखेर नगरप्रमुखले प्रमाणित गरेपछि एकदुई दिनपछि निर्णयको दस्तावेज तयार पारिने उपमहानगरपालिकाको प्रवक्ताको भनाइ छ । कार्यपालिका बैठकमा उपस्थिति जनाउने काममा मात्र सदस्यहरुको भूमिका सिमित बनिरहेको छ । बैठकको निर्णयका दस्तावेज स्वयम् कार्यपालिका सदस्यहरुले समेत हेर्न नपाउने अवस्थामा उपमहानगरपालिकामा कसरी सुशासन कायम होला ?

पछिल्ला दिनहरुमा स्थानीय तहका काम कारबाहीमा भ्रष्टाचार भएको भन्दै अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा सबैभन्दा बढी उजुरी पर्ने गरेको छ । स्थानीय सरकारको यस्तै अपारदर्शी कार्यशैलीले सुशासन कमजोर पारी भ्रष्टाचार बढाउन मद्दत पुगिरहेको छ । पारदर्शिताले सुशासन हुन्छ र सुशासनले भ्रष्टाचार कम गर्न मद्दत पुग्दछ भन्ने कुरा हेटौंडा उपमहानगरपालिकाको नेतृत्वले बुझ्नु आवश्यक छ । सुशासनअन्तर्गत् पारदर्शिता, निष्पक्षता, भ्रष्टाचारमुक्त प्रशासन, सेवाभाव, असल आचरण, अनुशासन, सामाजिक उत्तरदायित्व, सेवाग्राही सन्तुष्टीजस्ता पक्षहरु पर्दछन् । सुशासनका यी पक्षहरुमध्ये पारदर्शितालाई अझ बढी महत्व दिनु आवश्यक छ । पारदर्शिता भएमा जवाफदेहिता, साधनस्रोतको सदुपयोग, जनसहभागिताजस्ता पक्षहरुको प्रवर्द्धनसमेत हुनजान्छ । सरकारले सम्पादन गरेका क्रियाकलापबाटै उसको मूल्यांकन हुने भएकाले भए/गरेका क्रियाकलाप तथा निर्णयको नियमितरुपमा कार्यतालिका बनाएर सार्वजनिक गरिनु पर्दछ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | फापरबारी इलाका ६२१९८० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | चित्लाङ इलाका ६२१००० |
| ट्राफिक प्रहरी १०३ | वारुण यन्त्र १०१ |
| वडा प्रहरी ५२०२९९ | बालबालिका खोजतलास केन्द्र १०४ |
| पशुपतिनगर इलाका ५२०५९८ | बाल हेल्पलाइन १०९८ |
| मनहरी इलाका ९८५५०९०१६१ | हेलो सरकार ११११ |
| भीमफेदी इलाका ६९१४६२ | नेपाल टेलिकम सोधपुछ १९७ |
| पालुङ इलाका ६२०४६७ | |

## तपाईको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडीकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

**मेष** : अरुको काममा समय व्यतित हुने समय छ ।
**वृष** : व्यापार-व्यवसायहरु मध्यम कारक रहलान् ।
**मिथुन** : अन्तरवार्तामा विजय प्राप्त हुने समय योग छ ।
**कर्कट** : सामाजिक यश र प्रतिष्ठामा वृद्धि हुने समय छ ।
**सिंह** : स्वास्थयमा समस्या योग आइपर्ला ।
**कन्या** : धार्मिक एवम् प्रशासनिक कामबाट लाभ होला ।
**तुला** : धार्मिक तथा सामाजिक काममा सरिक भइनेछ ।
**वृश्चिक** : व्यापार, व्यवसाय मध्यम कारक रहने देखिन्छ ।
**धनु** : नकारात्मक उर्जामा कमि आउने समय योग छ ।
**मकर** : अध्ययन, अध्यापन मध्यम कारक रहने समय छ ।
**कुम्भ** : व्यापार-व्यवसाय मध्यम कारक रहने समय छ ।
**मीन** : सामाजिक तथा धार्मिक कार्यमा सरिक भइनेछ ।

# नेपालमा बालसुधार गृहको अवस्था, चुनौति र समाधानका उपायहरु



✍ झविन्द्र ज्ञवाली

नेपालको संविधान २०७२ मा प्रत्येक बालबालिकालाई बालअनुकूल न्यायको हक सुनिश्चित गरेको र सोहि अनुसारको बालबालिका सम्बन्धी ऐन २०७५ को दफा ३० मा बालबालिकाले गरेको कसूरजन्य कार्यको कारवाही गर्न नेपाल सरकारले आवश्यक संख्यामा बाल अदालत गठन गर्न सक्ने प्रावधान छ। कानुनी व्यवस्था बमोजिम कानुनी विवादमा परेका बालबालिकाको न्याय सम्पादनसँग सम्बन्धित विभिन्न निकायबीच समन्वय गर्न दफा ४६ बमोजिम सर्वोच्च अदालतका न्यायाधीशको अध्यक्षतामा केन्द्रिय बालन्याय समिति र दफा ४७ अनुसार प्रत्येक जिल्लामा जिल्ला न्यायाधीशको अध्यक्षतामा जिल्ला बालन्याय समितिको व्यवस्था रहेको छ। नेपाल अधिराज्यभर ७७ जिल्लामा जिल्ला अदालतमा बाल इजालसबाट बालन्यायसम्बन्धी कार्य सम्पादन भइरहेको अवस्था छ।

नेपालमा ७ वटा प्रदेश मध्ये कर्णाली प्रदेशमा बालसुधार गृह छैन भने ६ वटा प्रदेशमा ८ वटा बालसुधार गृहहरु रहेका छन् । जसमध्ये कोशी प्रदेशको विराटनगरमा रहेको बालसुधार गृह, मधेश प्रदेशमा वीरगंज, बागमती प्रदेशमा मकवानपुर र भक्तपुर, गण्डकी प्रदेशमा पोखरा, लुम्बिनी प्रदेशमा भैरहवा र नेपालगन्ज, सुदूरपश्चिम प्रदेशको डोटीमा गरी जम्मा ८ वटा बालसुधार गृह रहेका छन् । आर्थिक वर्ष २०७८/०७९ मा बालसुधार गृहमा बालिका ३१ जना र ७३३ बालक गरी बालबालिकाको संख्या जम्मा ७६४ रहेको थियो भने आर्थिक वर्ष २०८०/०८१ को भाद्र ६ गतेसम्म लिइएको तथ्याङ्कको आधारमा बालसुधार गृहमा आश्रित बालिका ४३ र बालक ११०८ गरी जम्मा ११५१ जना रहेका छन्। नेपालमा जम्मा ८ वटा बालसुधार गृहहरुको क्षमता ४५० जना रहेकोमा हाल दोब्बर भन्दा बढि बालबालिका बालसुधार गृह रहेका छन्। बालसुधार गृहमा बस्ने बालबालिकाको संख्या भने सधैं एकैनास भइरहँदैन किन कि अदालतको फैसला बमोजिम जुनसुकै बालगृहमा पनि संख्या थपिन सक्छ भने उनीहरुले भुक्तान गर्नुपर्ने समय सकिनासाथ पुनर्स्थापना हुने क्रम पनि चलिरहन्छ साथै विशेष कारणबस एउटा गृहबाट अर्को गृहमा बालबालिकाहरु स्थानान्तरण पनि हुन सक्छन् जसले गर्दा बालगृहमा बालबालिकाको संख्यामा तल-माथि भइरहन्छ।

भक्तपुर ठिमीस्थित बालगृहमा भएको विवादपछि सरकारले उपत्यका बाहिरका विभिन्न बालसुधार गृहमा बालबालिकाहरुलाई स्थानान्तरण गरिएको थियो। तत्पश्चात वीरगंजमा रहेको सुधार गृहमा झडप हुँदा १५ जना बालक घाइते भएका थिए। केहिदिन पश्चात नेपालगन्जको बालसुधार गृहमा भएको दोहोरो झडपमा १ जना बालकको मृत्यु भएको थियो भने ११ जना बालकहरु घाइते भएका थिए। नेपालमा संचालनमा रहेका बालगृहहरु मध्ये ४ वटा सुधार गृहहरु गैरसरकारी संस्था युसेपद्वारा संचालनमा रहेका छन् भने बाँकी ४ वटा सुधार गृहहरु भने नेपाल सरकारले संचालन गरिरहेको छ। विराटनगर, कास्की, डोटी र भक्तपुरका सुधार गृहहरु युसेपद्वारा संचालन र पर्सा, मकवानपुर, रुपन्देही र डोटीको बालसुधार गृहहरु भने नेपाल सरकारद्वारा संचालित छन्।

बालगृहको अवधारणा अनुसार सबै बालसुधार गृहहरुमा बालबालिकाहरुको उचित स्वास्थ्य उपचार, स्वस्थकर तथा पोसिलो खाना, अध्ययनको व्यवस्था, बालमैत्रीपूर्ण बोली-वचन तथा व्यवहार लगायतका सुविधा हुनु जरुरी छ तर सबै बालसुधार गृहहरुमा उचित वातावरण रहेको पाइँदैन भने युसेपद्वारा संचालित गृहहरुमा मात्र अध्ययनको व्यवस्था मिलाइएको देखिन्छ, बाँकी ४ वटा सुधार गृहहरुमा बालबालिकाहरुले अध्ययन गर्ने अवसर समेत पाएका छैनन्। यसरी बालसुधार गृह संचालन गर्ने हो भने बालबालिकाहरुले न्याय कहिले पाउँछन्? बालसुधार गृहमा बसेका बालबालिकाहरुको फैसला पनि निरन्तर पद्दतिबाट नहुने, आफ्नो मुद्दा के कसरी अगाडि बढिरहेको छ भन्ने बारेमा समेत राम्रोसँग सूचना नपाउने हो भने बालन्याय प्रणाली एवम् बालसुधार गृह कसरी बालमैत्री हुन सक्छ?

बाल बिज्याइँमा संलग्न रहेर सुधारका लागि न्यायालयमार्फत बालसुधार गृहमा रहेका मध्ये लगभग ३० देखि ४० प्रतिशत बालबालिका हाल १८ वर्ष भन्दा बढी उमेर पुगिसकेका छन्। ती बालबालिकाहरुको सरकारले उचित व्यवस्थापन गर्न सकेको छैन। ८ वटा सुधार गृह मध्ये बाल बिज्याइँमा संलग्न बालिकाहरुका लागि भने सानोठिमीस्थित बालसुधार गृह भक्तपुरमा मात्र रहेको छ। बाल बिजाइँको प्रवृत्ति बढिरहेको सन्दर्भमा सरकारले बालिकाका लागि बालसुधार गृहमा राख्ने व्यवस्था मिलाउनु जरुरी छ।

अधिकांश बालगृहहरुमा रहेका बालबालिकाहरुले जवर्जस्तीकरणी, लागुऔषध, कर्तव्यज्यान, ज्यान मार्ने उद्योग, अप्राकृतिक मैथुन, सवारी ज्यान, चोरी, सार्वजनिक अपराध, सरकारी छाप किर्ते आदि बाल बिज्याइँका घटनाहरुमा सुधार गृहमा सजाय भुक्तान गरिरहेको पाइएको छ। त्यसैले बालबालिकालाई कानुनी विषयमा समेत राम्रोसँग जानकार बनाउनु जरुरी छ ताकि भोलि समुदायमा पुनर्स्थापित भइसके पश्चात नराम्रो कार्य नगरुन्।

### बालसुधार गृहको समस्याहरुः

१) बालबालिकाको संख्याको अनुपातमा दक्ष कर्मचारीहरु परामर्शकर्ता, वार्डेन, भान्छे, सहयोगी कार्यकर्ताको अभाव हुनु। विशेषतः परामर्शदाता बालबालिकाको अनुपातमा दरबन्दी नै नहुनु। साथै सुधार गृहमा रहने सबै कर्मचारीहरुले बालसंरक्षणको विषयमा अनिवार्यरुपमा तालिमको व्यवस्था नहुनु।

२) बालसुधार गृह प्रयोजनका लागि बालमैत्री भवन तथा अन्य सुविधाहरु जस्तै, पुस्तकालय, खेलकुद सामग्रीसहितको मैदान, उनीहरुको अध्ययनको स्तर अनुसारको पढाइको उचित व्यवस्थाको अभाव हुनु।

३) उचित स्वास्थ्य उपचारको प्रबन्ध नहुनु।

५) बालबालिकाका लागि सफा सिरक, डसना, खाट आदिको अभाव।

४) बालसुधार गृह भित्र बालसहभागिता गराई विभिन्न सृजनात्मक तथा रचनात्मक गतिविधि संचालन नगरिनु।

५) बालसुधार गृहलाई कारागारको संरचना एवम् सोचमा संचालन हुनु।

६) स्थानीय तहलाई बालमैत्री घोषणा गरिरहँदा पनि बालसुधार गृह पनि बालमैत्री हुनु पर्छ भन्ने हेक्का नगरिनु।

७) सुधार गृहमा रहेका बालबालिकाहरुको भावनाको कदर नहुनु।

८) उमेर १८ वर्ष नाघिसक्दा पनि कारागारमा स्थानान्तरण गर्नु पर्नेमा कानुनी समस्या हुनु।

१८ वर्ष भन्दा माथिका बालबालिकाहरुलाई अलगै राख्ने कानुनी व्यवस्था छ। बालबालिका सम्बन्धी ऐन २०७५ को धारा ४३ मा बालसुधार गृह सम्बन्धी व्यवस्था गरिएको छ। सो धाराको उपदफा १ मा नेपाल सरकारले कानुनको विवादमा परेका बालबालिकाको सुधार र पुनर्स्थापना नभएसम्म बालबालिका राख्ने प्रयोजनका लागि आवश्यकता अनुसार बालसुधार गृहको स्थापना गर्ने कुरा उल्लेख छ। त्यसैगरी दफा ४ मा बालसुधार गृहमा रहेका बालबालिकाको सो गृहमा रहनु पर्ने अवधि बाँकी हुँदाको अवस्थामा निजको उमेर अठार बर्ष पुगेमा निजको बानी व्यहोरामा आएको सुधार आर्जन गरिरहेको सीप तथा शिक्षाको निरन्तरता लगायतलाई ध्यानमा राखी बाँकी अवधिसम्मका लागि बालसुधार गृहमा अन्य बालबालिकासँग अलग हुने गरी राख्नु पर्नेछ। यसरी कानुनमा पनि सर्त राखी १८ वर्ष पूरा भएका मानिसहरुलाई बालबालिकासँग राख्नु कति उचित होला? यस्ता विषयमा कानुनमा प्रष्ट व्यवस्था नहुँदा हाल नेपालमा बालसुधार गृहहरु अस्तव्यस्त भइरहेका छन् र आगामी दिनमा यस विषयमा व्यापक बहस हुनु जरुरी छ।

### बालसुधार गृहमा लगानीको कमीः

नेपालमा संचालनमा रहेका बालसुधार गृहहरुका विषयमा छलफल तथा लगानी कसले गर्ने भन्ने विषय प्रष्ट नभएको, सुधार गृह महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय अन्तर्गत संचालन भए पनि जिल्लामा सञ्चालन रेखदेख तथा अनुगमनका लागि प्रमुख जिल्ला संरक्षक रहने व्यवस्था रहेको छ। सुधार गृहमा कोहि संघीय तथा प्रदेश स्तरको जनप्रतिनिधिहरुको लगानी तथा कुनै प्रतिवद्धता छैन भने संसदमा यस विषयले कहिल्यै चर्चा पाएको सुनिएको छैन। जसले गर्दा संचालन प्रक्रिया पनि समस्या देखिएको छ। यो विषय नेपाल सरकारको दायित्व भित्र पर्ने भएकोले समयमा सरकारले आवश्यकता अनुसार विज्ञहरुको सुझाव लिई ऐन कानुनको निर्माण गरी पर्याप्त लगानी गर्नु जरुरी छ।

### सुधार अवधि घटाउन वा छुट दिन सक्ने ।

बालबालिका सम्बन्धी ऐन २०७५ को धारा ३८ को उपधारा १ मा बाल अदालतको निर्णय बमोजिम बालसुधार गृह, कुनै संस्था वा व्यक्तिको संरक्षण वा निगरानीमा बसेका बालबालिकाको व्यवहारमा सन्तोषजनक सुधार आएमा बालकल्याण अधिकारीले त्यस्तो बालबालिकाको सुधार अवधि घटाउन वा छुट दिन बाल अदालत समक्ष सिफारिस गर्न सक्ने कुरा उल्लेख छ भने यसै उपधारा २ मा उपधारा १ बमोजिम प्राप्त भएको सिफारिस जाँचबुझ गर्दा सुधार अवधि घटाउन वा छुट दिन मनासिब देखिएमा बाल अदालत समक्ष सिफारिस गर्न सक्नेछ।

बालबालिकाले गरेका कसुरजन्य कार्यको अदालतलबाट भएको फैसला बमोजिम बालबालिकाको आचरणमा सुधार ल्याउनका लागि बालबालिकालाई बालसुधार गृह, कुनै संस्था वा व्यक्तिको संरक्षण वा निगरानीमा राख्न सक्ने कानुनी व्यवस्था भए पनि पछिल्लो समयमा अदालतबाट अभिभावकको जिम्मा लगाउने वा बालसुधार गृहमा पठाउने प्रचलन रहेको देखिन्छ। यसरी कसुर भुक्तान गरिरहेका बालबालिकाहरुको सजाय घटाउने वा छुट दिन सक्ने विषयमा ऐनको आशय बालसुधार गृह वा बालसंरक्षण गृह वा व्यक्तिको संरक्षण जुन स्थानीय तह रहेको हुन्छ सोहि स्थानीय तहको बालकल्याण अधिकारीबाट बालबालिका संरक्षणमा राखेको अधिकारीले बालकल्याण अधिकारीलाई जानकारी गराउने र बालकल्याण अधिकारीले बालबालिकाको बारेमा अनुगमन गरी सम्बन्धित अदालत समक्ष सिफारिस गर्न सक्छ।

### आगामी दिनमा चाल्नु पर्ने कदमः

बालसुधार गृहमा १८ वर्ष भन्दा अगाडि नै आएका बालबालिकाहरुको सम्बन्धमा उमेर १८ वर्ष पूरा भएपछि पनि बस्नु पर्ने अवस्थाको सम्बन्धमा कानुनी बाधाहरु के-के छन् र त्यसलाई कसरी समाधान गर्न सकिन्छ भन्ने सन्दर्भमा छलफल गर्नुपर्ने देखिन्छ। विभिन्न बालसुधार गृहहरुको अनुगमनका क्रममा सुधार गृहको संरक्षणमा रहेकाहरु मध्ये २६ वर्ष समुह र ११ वर्ष समुहका बालबालिकालाई एकै ठाउँमा बसिरहेको अवस्था समेत देखियो। यसरी उमेरको ठूलो अन्तरमा रहेका बालबालिका एकै स्थानमा राख्दा बाल मनोभावमा कस्तो असर पर्ला? जब कि बालबालिकालाई र वयस्कलाई एकै ठाउँ राख्न हुँदैन भनी बालसुधार गृहको परिकल्पना भएको छ। त्यसैले तत्काल सरकारले १८ वर्ष भन्दा मुनिका बालबालिकालाई मात्र सुधार गृहमा राख्ने र १८ वर्ष उमेर पुग्नासाथ कारागार वा वैकल्पिक व्यवस्था मिलाउनु पर्ने देखिन्छ।

वैकल्पिक स्याहार एवम् संरक्षण गर्नुपर्ने बालबालिकाहरुलाई बालगृहमा र ाखिन्छ भने बाल बिज्याइँमा परेका बालबालिकालाई बालमैत्रीपूर्ण वातावरणमा उनीहरुले गरेका बिज्याँइको सन्दर्भमा आगामी दिनमा त्यस्ता गल्ती नदोहोरियोस्, कमजोरीको समेत अनुभुति होस् भन्ने उद्देश्यले बिन्याइँ भुक्तानी गर्न बालसुधार गृहमा राखिन्छ। त्यसैले उनीहरुले गरेका कमि-कमजोरीलाई सुधार गर्न सकिन्छ न कि सजाय दिएर सुधारियोस् भन्ने मान्यताका साथ नेपालमा बालसुधार गृहको स्थापना भएको हो।

१) बालिकाका लागि हाल भक्तपुरमा मात्र सुधार गृह रहेकोमा अन्य स्थानमा पनि थप हुनु पर्दछ।

२) राज्यको नीति सबै बालबालिका विद्यालय हुनुपर्छ भन्ने रहेकोले सबै सुधार गृहहरुमा गुणस्तरीय शिक्षा पाउने सुनिश्चित हुनुपर्दछ।

३) समय, परिस्थितिअनुसार बालबालिकाको खाना, उचित बस्ने स्थान, शिक्षा, स्वास्थ्य सेवाको व्यवस्था हुनुपर्दछ।

४) बालबालिकाहरु विभिन्न समस्याको कारण सुधार गृहमा आइपुग्ने हुनाले सबै बालबालिकासँग परामर्श सेवा पुग्ने हिसावले परामर्शकर्ताको व्यवस्थापन गनुपर्दछ।

५) बालसुधार गृहका सबै कर्मचारीहरु बालसंरक्षणको विषयमा तालिम प्राप्त हुनुपर्दछ।

६) संघीय सरकारद्वारा संचालन भइरहेको सुधार गृहहरु स्थानीय तथा प्रदेशहरुले संचालन गर्नुपर्दछ।

७) बालसुधार गृह संचालन सम्बन्धी न्युनतम मापदण्ड तयार गरी कार्यान्वयनमा ल्याउनुपर्दछ।

८) बालमैत्री भवन, सोहिअनुसारको सुत्ने कोठा, लत्ताकपडा आदिको उचित व्यवस्था मिलाउनुपर्छ।

९) कानुनी विवादमा परेका बालबालिकाको मुद्दाको किनारा छिटो गरिनुपर्छ।

बालबालिकालाई उमेर पुगेको व्यक्तिसरह सजाय दिनु हुन्न र बालबालिका रहने बस्ने जुनसुकै स्थानहरु पनि बालमैत्री वातावरण हुनुपर्छ भन्ने अवधारणा अनुसार नेपालमा बालसुधार गृहको संचालन भएको हो। तर अहिले संचालनमा रहेका ८ वटा बालसुधार गृहहरु सो अवस्थामा संचालन भएको भए बालबालिकाहरुले पक्कै पनि विद्रोह गर्ने नै थिएनन्। सरकारका सम्बन्धित जिम्मेवार निकायका अधिकारीले राम्रोसँग बालसुधार गृहको मर्म र संरक्षणमा रहेका बालबालिकाहरुको समस्या, पीडा तथा व्यथालाई समयमै बुझ्न सकेन भने अहिलेको भन्दा डरलाग्दो विद्रोह हुने निश्चित छ। त्यसैले बालसुधार गृहको बारेमा चर्चा गरौं र लगानीमा ध्यानदिउँ।

*(लेखक सिविन नेपाल मकवानपुरको प्रबन्धक एवम् बागमती प्रदेश बालअधिकार समितिको सदस्य हुनुहुन्छ ।)*

# "पुर्खा र पुर्वजहरुलाई पुजा र श्रद्धा गर्नु नै सोह्र श्राद्ध"

अहिले सोह्रश्राद्ध जारी छ । वडा दसैंको सुरुवात हुने दिन घटस्थापनाअघि पितृलाई सम्भने धार्मिक एवम् साँस्कृतिक पक्षको रुपमा सोह्र श्राद्धलाई बुझ्न सकिन्छ । पीतृप्रतिको सम्मान हिन्दु धर्म एवम् पूर्वीय सभ्यताको महत्वपूर्ण पक्ष हो । प्रमुख चाडपर्वमा मात्रै नभई परिवारमा महत्वपूर्ण शुभ कार्य गर्नुअघि पनि पितृलाई सम्भने हिन्दु धर्मको विशेषता हो । सोह्र श्राद्धको सन्दर्भ र महत्वका विषयमा ज्योतिष पण्डित गोविन्द घिमिरेसँग समृद्ध समाज दैनिकका लागि सुमिना चौलागाईले गर्नुभएको कुराकानीको सम्पादित अंश:



ज्योतिष पण्डित गोविन्द घिमिरे

***समाजः अहिले चलिरहेको सोह्र श्राद्धलाई कसरी व्याख्या गर्नु हुन्छ ?***

**घिमिरे**: यो बेला असोजको कृष्णपक्ष अर्थात पितृपक्ष भनिन्छ । यो पक्षलाई ऋतुगत रुपमा हेर्दा हिन्दु संस्कृतिको परम्परामा के छ भने विशेष समय अनुसारका देवीदेवतादेखि लिएर पितृसँग सम्बिन्धत भएर चाडपर्वहरु मनाउने गरिन्छ । त्यो मनाउने क्रम्मा दशैं-तिहार जस्ता ठुलाठुला चाडपर्वहरु सुरु हुने समय भयो । हामी देवी भागवत उपासनामा लाग्नु भन्दा पहिला पितृहरुलाई सन्तुष्ट बनाएर हामी दोस्रो चरणको उपासनामा जान सक्छौं । मरेको पितृहरुलाई मात्र पुजा गर्नु भन्दा हामी भित्र भएका नकारात्मक कुराहरुलाई त्याग्ने एउटा पुजन हो र आफ्नो पुर्खा र पुर्वजहरुलाई त्यही अनुसारको पुजा र श्रद्धा गरिने कार्यलाई सोह्र श्राद्ध भनिन्छ ।

***समाजः सोह्र श्राद्धको धार्मिक एवम् साँस्कृतिक महत्वहरु चाहिँ के-के छन् ?***

**घिमिरे**: सोह्र श्राद्धलाई धार्मिक रुपमा भन्दा पनि मैले यसलाई कर्तव्यको रुपमा बुझेको छु । एउटा पुर्खाबाट जुन जिवन पायौं, एउटा पुर्खाबाट जिवन पाइसकेपछि आफ्नो पुर्खाहरुप्रति अनुग्रहित कसरी हुने ? आफ्नो पुर्खाहलाई कसरी सम्मान प्रकट गर्ने ? मैले यो जिवन पाएको कारणले मेरा पुर्खाहरु तपाईहरुलाई मेरो तर्फबाट धन्यवाद छ । त्यो धन्यवादको प्रक्रिया नै सोह्र श्राद्ध हो भन्ने कुरा मैले बुझेको छु । आफ्नो पुर्खाहरुलाई धन्यवाद गर्ने पाटो हुनै पर्‍यो एउटा विधान हुनु पर्‍यो त्यो नै श्राद्ध हो ।

***समाजः पछिल्लो समयमा पितृहरुलाई नसम्भनेहरु पनि छन् । उनीहरुले चाहिँ के गर्नुपर्ला ?***

**घिमिरे**: पुत्रले आफ्नो जिवनमा ३ वटा कामहरु गरे मात्र उ पुत्र अर्थात् छोरा हुन्छ । बाचुन्जेल पनि गर्नै पर्‍यो, मरेपछि गर्नुपर्ने संस्कार पनि गर्नै पर्‍यो र मृत्युपर्यन्त पनि गर्नै पर्दछ । मृत्यु भन्दा अगाडिको त्यो भन्दा पछाडिको र मृत्युको अवस्थामा ३ वटा कर्म जसले गर्दछ त्यो नै पुत्र हो ।

***समाजः हिन्दु धर्मावलम्बीहरुले पितृलाई सम्भँदै श्राद्ध गर्दछन् । अन्य समुदायका पितृलाई कसरी सम्भेको देख्नु भएको छ ।***

**घिमिरे**: अब मृत्यु भनेको के हो भन्दा पनि धर्म विषयका आ-आफ्ना दर्शन शास्त्र हुन्छ । धर्मावलम्बीहरुको मान्यता के भयो भने आत्मा मुक्त भइसक्यो अब आत्माको पुन: निर्माण हुँदैन । फेरी आत्मा फर्केर आउँदैन र फेरि जन्म हुँदैन भन्ने मान्यता भइसकेपछि उनीहरुले त्यो मान्यतामा आधारित रहेर जति गर्नुपर्ने हो त्यहि नै टुङ्ग्याउनु पर्ने गरी विधान गर्‍यो । अब हामीहरुले आत्माको पुनर्जन्म हुन्छ भनेपछि आत्मा त छ । आत्मा रहिरहने भयो । आत्माको तत्व सधैं रहिरहने भयो । त्यसैले हामीहरुले पितृको उपासना गरी राख्यौं यो उपासना अरु धर्मालम्बीहरुले त्यही समयमा आफ्ना विधान अनुसार टुङ्गाई दियो । जिन्दगीमा कर्म नगरिकन विधान हुँदैन । जुन कर्म गर्‍यो त्यही नै विधान हो जस्तो मलाई लाग्छ ।

***समाजः अहिले श्राद्ध गर्नका लागि पण्डितको अभाव भएको भनिन्छ । श्राद्ध गर्ने पण्डितको उपलब्धता कस्तो छ ?***

**घिमिरे**: गाउँघरमा अहिले पनि के मान्यता छ भने केहि बन्न सकिएन भने पनि श्राद्ध गर्न सक्ने बाहुनको छोरा हुँ, श्राद्ध गर्न सक्छु भन्ने मान्यता छ । तर विधानलाई हेर्दा उच्चारणमा पनि उच्चारणगत त्रुटिमा हेर्दा पनि दुबै ध्यान दिएर हेर्नुपर्ने विधि भनेकै श्राद्ध विधि हो भन्दा पनि के भनिन्छ भने देवताहरु भाव मात्र हेर्छन् । कुन सोचाइले कुन विचारले श्राद्ध गरेको छ । ब्राह्मणले पढेको कुरामा पनि सही, शुद्ध छ कि छैन हामीले त्यो कुराको ख्याल गर्नुपर्छ । अब यो सबै कुरालाई हेर्दा पण्डितहरुको अभाव खाँचो छ ।

***समाजः हिन्दु धर्मावलम्बीहरुको सोह्र श्राद्धमा कतिको पितृलाई सम्भिन्छ त ?***

**घिमिरे**: शास्त्रले नै ३ पुस्ता भनेको छ । किन भन्यो त भन्दा आफुभन्दा माथिको पुस्ता, आफ्ना माता-पितालाई पशु स्वरुपमा, त्यो भन्दा माथि हजुरबुवालाई रुद्र स्वरुपमा र त्यो भन्दा माथि आदित्य स्वरुपमा लिइन्छ । अब त्यो पशु, रुद्र र आदित्य स्वरुप भनेको श्रेणी हो । यही ३ वटा कुराहरुलाई स्मरण गर्नुको कारण के हो भन्दा अरु पूर्वजहरु आदित्य स्वरुपमा भइसकेपछि उनीहरुलाई हामीले स्मरण गर्नुपर्छ ।

# स्तन क्यान्सर सचेतना महिना सुरु

समाज संवाददाता

हेटौंडा: नेपालभर अक्टोबर महिनामा स्तन क्यान्सर सचेतना कार्यक्रम गर्ने गरिन्छ । स्तन क्यान्सर सचेतना महिना आज आइतबार (असोज १४ गते)बाट कार्तिक १४ गतेसम्म रहनेछ ।

एक महिनामा महिलाहरुलाई स्तन क्यान्सरको बारेमा जानकारी दिइने गरिएको छ । सचेतनामूलक कार्यक्रम हरेक प्रदेश, जिल्ला र पालिकामा मनाउने गरिएको बताइएको छ ।

विश्वका धेरै महिलाहरुले स्तन क्यान्सरको कारण ज्यान गुमाउने गरेका छन् । सन् २०२० को ग्लोबल क्यान्सरको तथ्याङ्कअनुसार विश्वमा स्तन क्यान्सरका कारण ६८ हजार ५ सय जनाको मृत्यु भएको छ । नेपालका १ हजार ४९ जना महिलाको मृत्यु भएको तथ्यांकमा उल्लेख छ ।

विश्वभर स्तन क्यान्सरबाट प्रभावित महिलाहरुको संख्या २३ लाख रहेको छ । यीमध्ये नेपालका १ हजार ९ सय ७३ जना रहेका छन् । तथ्याङ्कअनुसार नेपालमा स्तन क्यान्सरको विषयमा धेरै महिलाहरुले जानकारी लिन अति आवश्यक रहेको छ । यो क्यानसर महिलालाई मात्र हुन्छ भन्ने छैन । स्तन क्यान्सर पुरुषलाई समेत हुन्छ । स्तन क्यान्सरलाई छिटो जाँच गरे केहि गाह्रो हुँदैन तर क्यान्सर बढेपछि निक्कै ढिलो हुन सक्छ ।

स्तन क्यान्सरको लक्ष्यहरु स्तन वा काखीमुनि नदुख्ने गिर्खा आउने, स्तनको आकारमा परिवर्तन आउने, स्तनको मुन्टा भित्रतर्फ जान थाल्ने, स्तनको मुन्टाबाट पीप, रगत वा पानीजस्ता तरल पदार्थ बग्ने, स्तन दुख्ने वा सुन्निने, स्तनको छालामा निको नहुने घाउ आइरहने हुन् । स्तन क्यान्सरको जोखिमबाट बच्ने उपायहरु धुमपान तथा मद्यपान नगर्ने, नियमित व्यायाम गर्ने, तौललाई सन्तुलनमा राख्ने, पोषणयुक्त खानेकुरा खाने, स्तनको नियमित जाँच वा परीक्षण गर्ने, स्तनपान गराउने आदि रहेका छन् ।

धेरै महिलाहरुमा ३० वर्षको उमेरपछि स्तन क्यान्सर देखिन सक्छ । स्तन क्यान्सरको परीक्षण धेरै विधिबाट गर्न सकिन्छ । स्वयम् स्तन जाँच, क्लिनिकल ब्रेष्ट इक्जाम, अल्ट्रासाउण्ड र म्याकोग्राफी स्तन क्यान्सर पहिचान गर्ने विधि रहेका छन् । यी सबै विधि गरेमा स्तन क्यान्सर छिटो पत्ता लगाउन सकिनेछ ।

स्वयम् स्तन परीक्षणले आप्नो स्तनको स्वभाविक आकार, रङ र महसुसताबारे थाहा पाउन मद्दत गर्दछ । यदि आफ्नो स्तनमा कुनै अस्वभाविक परिवर्तन भएमा र एउटा स्तनको तुलनामा अर्को स्तनमा परिवर्तन आएमा स्वास्थ्यकर्मीसँग तुरुन्तै सम्पर्क गर्नुपर्दछ । स्वयम् स्तन परीक्षणसम्बन्धी जानकार भएमा स्तन क्यान्सरबाट बच्न सकिन्छ ।

मकवानपुर जिल्लामा पनि स्तन क्यान्सरको सचेतना कार्यक्रम गर्नेबारे सरसल्लाह भइरहेको स्वास्थ्य कार्यालय मकवानपुरका जनस्वास्थ्य अधिकृत तथा सूचना अधिकारी लक्ष्मण अधिकारीले बताउनु भएको छ ।

# बसामाडीको एक उद्योगमा प्रशासनको सिल

समाज संवाददाता

हेटौंडा: हेटौंडा-३, बसामाडीमा रहेको पूर्णिमा फुड इन्डस्ट्रीज प्रालिमा सिल गरिएको छ । जिल्ला प्रशासन कार्यालय मकवानपुरको अगुवाइमा गत बिहीबार गरिएको अनुगमनका क्रममा उद्योगमा प्राउनको अवैध खोल भेटिएपछि उद्योगमा सिल गरिएको हो ।

उद्योगमा अर्कै कम्पनीको जस्तै प्राउनको खोल प्रयोग भएको ७ सय ७८ कार्टुन भेटिएपछि उद्योगमा सिल गरिएको जिल्ला प्रशासन कार्यालय मकवानपुरका सहायक अधिकृत झरेन्द्रप्रसाद चापागाईंले जानकारी दिनुभयो । चाडपर्वको समय पारेर तिव्ररुपमा बजार अनुगमन गर्दै आएको उहाँले बताउनुभयो ।

सहायक अधिकृत चापागाईंका अनुसार उच्च अदालत पाटनले जफत गर्न आदेश दिएलगत्तै जिल्ला प्रशासन कार्यालय मकवानपुरले २ पटकसम्म उद्योग बन्द गर्न वा उत्पादन रोक्न निवेदन पठाएको थियो । निवेदनबमोजिम गर्न अटेर गरेपछि जिल्ला प्रशासन कार्यालय, मकवानपुर उद्योग वाणिज्य संघ र सञ्चारकर्मीलगायतको अनुगमन टोली गएर उद्योगमा सिल गरिएको उहाँले जानकारी दिनुभयो । उद्योगले उत्पादन गरेको प्राउनमा कुनै समस्या नभए पनि खोलले गर्दा सिल गर्नुपरेको उहाँले बताउनुभयो । खोल र प्याकिङ वस्तुलाई जलाइने उहाँले जानकारी दिनुभयो ।

यस्तै, शुक्रबार अनुगमन गर्दा हेटौंडा-१० स्थित जय माँ अम्बे खाद्यान्न सप्लायर्समा खरिद बिल नराखेको पाइनुका साथै म्याद गुज्रेको सामग्री भेटिएको छ । सप्लायर्सलाई नियमबमोजिम १५ हजार रुपैयाँ जरिवाना गरिएको उहाँले बताउनुभयो । व्यवसायको अनुगमन गरी प्रादेशिक व्यापार तथा व्यवसायसम्बन्धी ऐन, २०७६ को दफा ६० को उपदफा ६ र दफा ६१ को उपदफा १ (घ) बमोजिम १५ हजार रुपैयाँ जरिवाना गरिएको सहायक अधिकृत चापागाईंले बताउनुभयो ।

# फुटबल संघको कार्यबाहक अध्यक्षमा उपाध्यक्ष लामा

समाज संवाददाता

हेटौंडा: मकवानपुर जिल्ला फुटबल संघको कार्यबाहक अध्यक्षको जिम्मेवारी उपाध्यक्ष युवराज लामाले पाउनुभएको छ । संघका अध्यक्ष टीकाराम लामाले एक पत्र जारी गर्दै केही समयका लागि उपाध्यक्ष लामालाई कार्यबाहक अध्यक्षको जिम्मेवारी दिनुभएको हो ।

अन्तर्राष्ट्रिय फुटसल प्रतियोगितामा नेपालका खेलाडीहरुको प्रतिनिधित्व गर्दै अध्यक्ष लामा मंगोलिया जान लागेकाले उपाध्यक्ष लामालाई कार्यबाहक अध्यक्षको जिम्मेवारी दिएको फुटबल संघका महासचिव छवि सुवेदीले जानकारी दिनुभयो । अध्यक्ष लामा अन्तर्राष्ट्रिय फुटसल संयोजक तथा एन्फाको केन्द्रीय सदस्यसमेत हुनुहुन्छ । प्रतियोगिता अवधिभरका लागि सम्पूर्ण जिम्मेवारी उपाध्यक्ष लामालाई दिनुभएको महासचिव सुवेदीले जानकारी दिनुभयो ।

# भेस्पा र एपरिला स्कुटरमा अफर



समाज संवाददाता

हेटौंडा: हेटौंडाको त्रिभुवन राजपथमा रहेको एपरिला सोरुममा भेस्पा र एपरिला स्कुटरमा अफर घोषणा गरिएको छ । १ सय २५ सीसीदेखि १ सय ६० सीसीसम्मको एपरिला र भेस्पा स्कुटरमा दशैं, तिहार र छठसम्म विभिन्न अफर हरु रहेको बताइएको छ ।

दशैं, तिहार र छठसम्म भेस्पा र एपरिला स्कुटर खरिदमा १० हजार रुपैयाँ छुट रहेको सोरुमका व्यवस्थापक सुदीप महर्जनले जानकारी दिनुभयो । नगद छुटसँगै साप्ताहिक उपहारमा होनर ९० (५ जीबी)को मोबाइल फोन र बम्पर उपहारमा एकजनालाई ४ रात ५ दिनको इटाली टुर अथवा एउटा एपरिला स्कुटर पाउने उहाँले बताउनुभयो । व्यवस्थापक महर्जनका अनुसार भेस्पामा ४ वटा मोडल रहेको छ भने एपरिलामा ५ वटा मोडल छ । महर्जनका अनुसार भेस्पाको मूल्य ३ लाख २० हजारदेखि ४ लाख ३५ हजार रुपैयाँसम्म रहेको छ । यस्तै, एपरिलाको मूल्य भने २ लाख ७९ हजारदेखि ४ लाख ६५ हजारसम्म रहेको छ । एपरिला डिस्क र ड्रम दुबै प्रकारको ब्रेक भएको स्कुटर रहेको महर्जनले बताउनुभयो ।

# निबन्ध लेखनमा भट्टराई प्रथम

समाज संवाददाता

हेटौंडा: जिल्ला प्रहरी कार्यालय मकवानपुरले आयोजना गरेको जिल्लास्तरीय निबन्ध लेखन प्रतियोगितामा हेटौंडा-८ कमानेस्थित कमाने एकेडेमीका निशान भट्टराई प्रथम भएका छन् । ६८ औं प्रहरी दिवस २०८० को अवसरमा शनिबार भएको प्रतियोगितामा कक्षा ८ देखि १० कक्षासम्मका विद्यार्थीको सहभागिता रहेको थियो ।

"समुदायमा प्रहरीको भूमिका" विषयक निबन्ध प्रतियोगितामा हेटौंडा-५, पिप्लेस्थित ज्ञानोदय बालबाटिकाकी सलिना धिताल द्वितीय र हेटौंडा-११ स्थित हेटौंडा एकेडेमीका गौतम कुसवाह तृतीय भएका छन् । निबन्ध प्रतियोगितामा प्रथम, द्वितीय र तृतीय हुने विद्यार्थीलाई असोज ३० गते मंगलबारका दिन पुरस्कार प्रदान गरिने जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ ।




स्वादिष्ट नेवारी खाजा

अब 

होटल बासुकला (फास्टफुड) मा

स्वादका पारखीको विश्वास जित्दै २५ बर्षदेखि निरन्तर सेवामा समर्पित स्वादिष्ट नेवारी खाजा घरमा स्वागत गर्दछौं ।

नेवारी खाजा सेट, म:म, चाउमिन, बारा, योमरी लगायत

सुख्खा रोटी, आलु पराठा, फ्राइ राइस, मटन मम, बिरयानी, कोन डग, सेकुवा, चिकेन क्रन्ची,

होम डेलिभरीको पनि सुविधा रहेको जानकारी गराउँदछौं ।

हेटौंडा-४ पारिजातपथ, ०५७-५२६०१३

हेटौंडा रिफरेन्स ल्याबरोटरी

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।

(HRL)

खुल्ने समय: विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं ।

थप जानकारीको लागि HRL
हेटौंडा रिफरेन्स ल्याबरोटरी
हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७

## बाराही माविलाई बस हस्तान्तरण

# भीमफेदीका ३ विद्यालयमा ४ वटा बस




*गाउँपालिकाले विद्यालयलाई उपलब्ध गराएको बस ।*

समाज संवाददाता

हेटौंडा: भीमफेदी गाउँपालिका-४ स्थित बाराही माध्यमिक विद्यालयलाई गाउँपालिकाले विद्यालय बस हस्तान्तरण गरेको छ । आइतबार भीमफेदी गाउँपालिकाका अध्यक्ष हिदम लामा र उपाध्यक्ष सञ्जीव श्रेष्ठको उपस्थितिमा एक कार्यक्रमका बीच बस हस्तान्तरण गरिएको हो । भीमफेदी गाउँपालिकाको गत आर्थिक वर्षको ३० लाख रुपैयाँ बजेटले बस खरिद गरिएको गाउँपालिकाका अध्यक्ष हिदम लामाले जानकारी दिनुभयो ।

वडाकै एक मात्र माध्यमिक तहको विद्यालय भएकोले टाढा-टाढाबाट आउनुपर्ने विद्यार्थीको सहजताका लागि बस सेवा सुरु गर्न लागिएको अध्यक्ष लामाले बताउनुभयो । भौगोलिक हिसाबले विकट भएकोले स्थानीय अभिभावक र विद्यालयको माग बमोजिम विद्यालयमा बसको व्यवस्था भएको हो । भीमफेदी गाउँपालिकाका ८ वटा वडामध्ये ३ नम्बर वडामा मात्रै माध्यमिक तहको विद्यालय छैन । बाराही माविमा बस सञ्चालन भएसँगै ३ नम्बर वडाका विद्यार्थीलाई सहज हुने बताइएको छ ।

भीमफेदीको ओखर, बोखर, इचुङ, लेख पान्द्राङ्ग, चिलाउने, गोठडाँडा, ज्याल्टार, गोल्पिङ्गबेसी, चिउरी बगैंचा लगाएको ठाउँबाट आउने विद्यार्थीलाई सहज हुने बताइएको छ । गाउँपालिका अध्यक्ष लामाले सबै अभिभावकलाई अब सरकारी विद्यालयमै गुणस्तरीय शिक्षा प्रदान हुने भएकोले आफ्ना नानी बाबुलाई विद्यालय पठाउन अनुरोध गर्नुभएको छ । विद्यालयका प्रधानाध्यापक दुर्गाप्रसाद गौतमका अनुसार बस सेवा सञ्चालनमा आएपछि २ घण्टा हिँडेर आउनुपर्ने विद्यार्थीलाई राहत हुनेछ । बस सञ्चालनपछि एक सय ५० विद्यार्थीलाई विद्यालय आउ-जाउ गर्न सहज हुने प्रधानाध्यापक गौतमले बताउनुभएको छ ।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष रमेश आचार्यको अध्यक्षतामा भएको कार्यक्रममा भीमफेदी गाउँपालिकाका वडा अध्यक्षहरूका सागर पाण्डे, जहार सिङ्ग लामा, कासिराम बज्यु, प्रकाश पुडासैनी, शिक्षक अभिभावक विद्यालय लगायतको उपस्थिति रहेको थियो ।

यसअघि गाउँपालिकाले भीमफेदी-२, भैंसेस्थित कृष्ण माविका लागि पनि एउटा बस खरिद गरिदिएको थियो । भीमफेदी गाउँपालिका-२ स्थित कृष्ण माविमा २ वटा बस रहेको छ भने भीमफेदी-४ स्थित बाराही मावि र भीमफेदी-६ स्थित महेन्द्र माविमा एउटा/एउटा बस सञ्चालनमा रहेको छ ।

# शिक्षा निर्देशनालयमा सुवेदी




समाज संवाददाता

हेटौंडा: बागमती प्रदेश शिक्षा विकास निर्देशनालयको प्रमुखमा दिपेन्द्र सुवेदीले कार्यभार सम्हाल्नुभएको छ । मंगलबारबाट सुवेदीले प्रमुखको कार्यभार सम्हाल्नुभएको हो ।

यसअघिका शिक्षा विकास निर्देशनालय प्रमुख पूर्णबहादुर दर्जी बागमती प्रदेश सभा सचिवालयमा सचिवको रुपमा सरुवा भएर जानुभएको छ । सुवेदी यसअघि सार्वजानिक निर्माण कार्यालय गजुरीको प्रमुखकोरुपमा कार्यरत हुनुहुन्थ्यो ।




सामुदायिक रेडियो,
रेडियो निकास
९३.४ मेगाहर्ज
सुनौं र सुनाऔं

# दुर्घटनामा ९ जना घाइते

समाज संवाददाता

हेटौंडा: हेटौंडामा ट्रकले ठक्कर दिँदा म्याजिक भ्यानमा सवार ९ जना घाइते भएका छन् । बुधबार पूर्व-पश्चिम राजमार्गअन्तर्गत हेटौंडा-१९, सान्नानिटार मा मनहरीबाट हेटौंडा जाँदै गरेको ना १ ज ३१६७ नम्बरको म्याजिक भ्यानलाई सोहि दिशाबाट हेटौंडातर्फ जाँदै गरेको ना ५ ख ९६८४ नम्बरको ट्रकले पछाडिबाट ठक्कर दिँदा दुर्घटना भएको हो । म्याजिक भ्यान साईडमा रोकेर यात्रु चढाइरहेको बेला ट्रकले ठक्कर दिएको प्रहरीले उल्लेख गरेको छ ।

दुर्घटनामा परी राक्सिराङ-२ की २१ वर्षीया रिता राना मगर, हेटौंडा-११, थानाभन्ज्याङका ३६ वर्षीय बिमल पुलामी मगर, हेटौंडा-१९, नेवारपानीका ३५ वर्षीय होईसेल लामा, ३३ वर्षीय लोक बहादुर मोक्तान, २ वर्षीया कुशिम मोक्तान, ५६ वर्षीया ठूलीमाया बम्जन, ५६ वर्षीया लाल कुमारी स्याङ्तान, ३० वर्षीया कविता नेगी र म्याजिक चालक मनहरी-९, खरंगाका ४३ वर्षीय अम्बर सिंह डाँगी घाइते भएका छन् । घाईते म्याजिक चालक अस्पतालबाट डिस्चार्ज भएको र अन्य घाइतेलाई थप उपचारका लागि चितवन पठाइएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ । २ वर्षीया कुशिम मोक्तानको टाउको, मुखमा चोट लागी अवस्था गम्भीर रहेको छ । ट्रकका चालक २९ वर्षीय विराज राईलाई प्रहरीले धादिङ जिल्लाको धुनिबेसीबाट नियन्त्रणमा लिएको जनाएको छ ।

# असोज २८ र २९ गते पढाई हुने

समाज संवाददाता

हेटौंडा: असोज पहिलो साता शिक्षकको आन्दोलनका कारण विद्यालय बन्द भएको बेलाको क्षतिपूर्ति गर्ने गरी हेटौंडा नगरभित्रका सामुदायिक विद्यालयमा असोज २८ र २९ गते दुइदिन पठनपाठन हुने भएको छ । शिक्षक आन्दोलनका कारण असोज ४ र ५ गते दुईदिन पठनपाठन प्रभावित भएको थियो ।

शिक्षक महासंघले मंगलबार हेटौंडामा प्रधानाध्यापकको भेला गरेर आन्दोलनको समयमा भएको क्षतिलाई पूर्ति गर्ने गरी घटस्थापना र त्यसको भोलिपल्ट दुईदिन विद्यालय सुचारु राख्ने निर्णय गरेको हो । शिक्षक महासंघ हेटौंडा उपमहानगर समितिका अध्यक्ष दीपक अधिकारीले मंगलबार सामाजिक सञ्जालमा सार्वजनिक जारी गर्नुहुँदै आन्दोलनको क्रममा सरकार र नेपाल शिक्षक महासंघ राष्ट्रिय समिति बीचमा भएको सम्पूर्ण सहमतिहरु बन्दै गरेको शिक्षा ऐनमा व्यवस्था गर्न समेत माग गर्नुभएको छ ।

## नागस्वती भेट्रान्स फुटबल

# दोस्रो दिन पाँचवटा खेलहरु सम्पन्न



समाज संवाददाता

हेटौंडा: हेटौंडामा जारी दोस्रो नागस्वती भेट्रान्स ए साइड फुटबल प्रतियोगितामा बुधबार ५ वटा खेलहरु सम्पन्न भएको छ । हेटौंडा-५ स्थित नवज्योति खेल मैदानमा ५ वटा खेलहरु सम्पन्न भएको हो ।

बुधबारको पहिलो खेलमा एफसी सेलिङ भेट्रान्स काठमाडौंले पशुपति हेटौंडालाई १-० गोल अन्तरले हराउँदै विजयी भएको छ । दोस्रो खेलमा बगर भाइ भेट्रान्स पोखराले वीरगञ्ज युथ एकेडेमीलाई ५-० गोल अन्तरले पराजित गर्दै विजयी भएको छ ।

तेस्रो खेलमा आयोजक नागस्वती भेन्ट्रान्स ए ले एन्जेजे भेट्रान्स सिमरालाई ३-० गोल अन्तरले पराजित गर्दै विजयी भएको छ । चौथो खेलमा भेट्रान्स काठमाडौंले भेट्रान्स चितवन एन आइटीलाई ट्राइब्रेकरमा ३-२ गोल अन्तरले पराजित गर्दै विजयी भएको छ भने बुधबारको अन्तिम खेलमा आयोजक नागस्वती बी ले हेटौंडा भेट्रान्सलाई २-० गोल अन्तरले पराजित गर्दै विजयी हुन सफल भएको हो ।

बिहीबारको खेल विहान ७ बजेदेखि सुरु हुनेछ । प्रतियोगिताको फाइनल खेलको विजेता टिमले २ लाख १ हजार रुपैयाँ र उपविजेता टिमले १ लाख १ हजार रुपैयाँसहित ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछन् । प्रतियोगिताका विधागत उत्कृष्ट खेलाडीहरुका लागि समेत विशेष पुरस्कारको व्यवस्था गरिएको आयोजकले जनाएको छ । १६ वटा टिमको सहभागिता रहेको प्रतियोगिताको फाइनल खेल असोज २० गते दिउँसो ३ बजे हुने आयोजकको भनाइ छ ।

## आजदेखि क्रिकेट विश्वकप शुरु हुँदै

# उद्घाटन खेलमा इङ्ल्यान्ड र न्युजिल्यान्ड खेल्ने

काठमाडौं: आईसीसी एकदिवसीय विश्वकप क्रिकेट प्रतियोगिता आज बिहीवारदेखि शुरु हुँदैछ । भारतको नरेन्द्र मोदी स्टेडियममा प्रतियोगिताको भव्य उद्घाटनको तयारी छ । यो स्टेडियममा एक लाख ३२ हजार जना दर्शक अट्न सक्ने क्षमता छ । भारतले उद्घाटन समारोहलाई भव्य बनाउन विभिन्न कला, कौशल र प्रविधिको प्रयोग गर्नेछ ।

विश्वकपको उद्घाटन खेलमा आज दिउँसो सवा २ बजे इङ्ल्यान्ड र न्युजिल्यान्डले खेल्ने छन् । इङ्ल्यान्ड अघिल्लो संस्करण सन् २०१९ को विजेता र न्युजिल्यान्ड उपविजेता हो । यो विश्वकपका खेलहरू भारतका १० वटा सहर-अहमदाबाद, धर्मशाला, नयाँ दिल्ली, मुम्बई, पुने, चेन्नई, हैदराबाद, कोलकाता, लखनउ र बेङ्गलोरमा हुनेछन् । विश्वकपमा भारत, अफगानिस्तान, अस्ट्रेलिया, बङ्गलादेश, इङ्ल्यान्ड, नेदरल्यान्ड्स, न्युजिल्यान्ड, पाकिस्तान, दक्षिण अफ्रिका र श्रीलङ्का गरी १० वटा देश सहभागी छन् । दुई पटकको विश्व विजेता वेस्ट इन्डिज भने यस पटक विश्वकपमा छनोट हुन असफल भयो ।

आज अक्टोबर ५ तारिखदेखि शुरु हुने विश्वकप आउँदो नोभेम्बर १९ तारिखसम्म ४६ दिन चल्नेछ । राउण्ड रोबिनका आधारमा प्रतियोगिता हुने भएकाले सबै देशले एक अर्कासँग खेल्नेछन् । प्रतियोगितामा १० वटा टिमबीच ४८ खेल हुनेछ । शीर्ष चारमा पर्ने देश सेमिफाइनलमा पुग्नेछन् । सन् १९७५ देखि शुरु भएको एकदिवसीय विश्वकपको यो १३ औं संस्करण हो ।

यस पटकको विजेताले ४० लाख डलर, उपविजेताले २० लाख डलर र सेमिफाइनलमा पराजित हुने टिमले ८ लाख डलर पुरस्कार पाउनेछन् । एकदिवसीय विश्वकपमा सबैभन्दा सफल टिम अस्ट्रेलिया हो, अस्ट्रेलियाले पाँच पटक विश्वकप जितेको छ ।

भारत र वेस्ट इन्डिजले समान दुई/दुई पटक तथा श्रीलङ्का, पाकिस्तान र इङ्ल्यान्डले एक/एक पटक उपाधि जितेका छन् ।

# जेसीजले खुला फुटबल प्रतियोगिता गर्ने

समाज संवाददाता

हेटौंडा: चैनपुर जेसीज (प्रस्तावित) ले चाडपर्वको अवसरमा जेसीज कप खुला फुटबल प्रतियोगिता आयोजना गर्ने भएको छ । यही असोज २३ गते मंगलबारबाट प्रतियोगिता आयोजना गर्न लागेको आयोजकले जनाएको छ । प्रतियोगिताको तयारीलाई तीव्र पारिएको आयोजकले बताएको छ । युवाहरुको बीचमा भातृत्वको सम्बन्ध स्थापना, चाडपर्वको शुभकामना आदानप्रदान एवम् खेलकुदको विकासका निम्ति प्रतियोगिता गर्न लागिएको चैनपुर जेसीजका अध्यक्ष गणेशदर्पण अधिकारीले जानकारी दिनुभएको छ ।

"स्थापनादेखि नै युवा लक्षित विभिन्न कार्यक्रम गर्ने जमर्को रहँदै आएको छ । संस्थाले विभिन्न गतिविधि गर्ने क्रममा खुला फुटबलको आयोजना गर्न लागेका हौं", अध्यक्ष अधिकारीले भन्नुभयो, "यसको तयारीलाई तीव्र पारिएको छ । प्रतियोगिता राक्सिराङमा सञ्चालन गर्ने योजना थियो वर्षाका कारण हाँडीखोलामै गर्न लागेका छौं ।" मनहरी गाउँपालिका-३, हाँडीखोलास्थित लामिटारको खेलमैदानमा हुने प्रतियोगिताको विजेताले ५० हजार ५५५ रुपैयाँ र उपविजेताले २५ हजार ५२५ रुपैयाँसहित ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछन् । यस्तै विधागत उत्कृष्ट खेलाडीलाई समेत पुरस्कारको व्यवस्था गरिएको आयोजक चैनपुर जेसीजका महासचिव रविन ढकालले बताउनुभएको छ ।

प्रतियोगिताका लागि कार्यकारिणी उपाध्यक्ष प्रमोद अधिकारीको संयोजकत्वमा समिति निर्माण गरिएको छ । प्रतियोगितामा सहभागी हुन चाहने क्लब तथा संघ, संस्थाले २१ गते आइतबार दिउँसोसम्म टिम दर्ता गर्न सक्नेछन् । प्रतियोगिताका लागि करिब साढे ३ लाख रुपैयाँ खर्च हुने अनुमान गरिएको प्रतियोगिता संयोजक अधिकारीले बताउनुभएको छ ।

दरवार एग्रोमार्टको
दशैं
बम्पर अफर
१० असोज देखि कार्तिक ११ गते सम्मको अवधिमा एक पटकमा ५०००।- वा सो भन्दा बदी रकमको सामाग्रीहरू खरीदमा लक्की-ड्र मार्फत ३ जोडीलाई पुरस्कार वितरण गरिने छ ।
पुरस्कारहरू
- १ दिन सौराहा टुर प्याकेज
- २ जोडी लाई डिनर प्याकेज
DURBAR AGRO MART
Hetauda–4, Shitalmahal road

A.N.B. ELECTRONICS
Hetauda-4, Khopegalli
२०-२५% दशैं विशेष अफर

AC, FREEZE, REFRIGERATOR, WASHING MACHINE, DEEP FREEZER, COOlER तथा अन्य ईलेक्ट्रोनिक्स सामानहरू होलसेल मुल्यमा पाईन्छ ।
साथै AC, FREEZE, REFRIGERATOR, WASHING MACHINE, मर्मत गर्नुपरेमा तपाईको घरमै प्राविधिक उपलब्ध गराईनेछ ।
प्रोप्राईटर: अंकित ढकाल
९८५५०-६२९७७

गुणस्तरीय अनि विश्वसनीय प्रयोगशाला
QRL (Qualified Reference Lab)

हामीकहाँ थाइराइड, बायप्सी, रुटिन टेस्ट, भिटामिन जाँच, क्यान्सर मार्करलगायत प्रयोगशाला सेवा रहेका छन् । हरेक महिनाको अन्तिम शनिबार थाइराइड परीक्षणमा ५० प्रतिशत छुट, फास्टिङ तथा पीपीमा सुगर टेस्ट फ्रि ।
सम्पर्क ०५७-५९०९७७
QRL (Qualified Reference Lab)
हेटौंडा-१, ब्लडबैंकअगाडि

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगाना: हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशक: रोजिना श्रेष्ठ, सम्पादक: सुरेश श्रेष्ठ